फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया (दो.), रौतहट

प्रदेश नं.-२, नेपाल

फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय फतुवा विजयपुर,रौतहट प्रदेश नं. २,नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/१८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) च.नं. PMEP/२३ को मिति २०७७/०४/१२ गतेको पत्रानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माँग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको ।

ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परीक सम्वन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान :- फतुवा विजयपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लक्ष्मीनिया (दो.), रौतहट ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७७/०४/३२ गते सम्म ।

४. आवेदन दस्तुर :- यस नगरपालिकाको ग्लोबल आई.एम.ई. बैंक विजयपुर शाखामा रहेको खाता नं. E604010000001 संचित कोष खातामा जम्मा गरेको रु. ४००।- (चार सय मात्र) को सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

९. निवेदन फारम :- कार्यालय समय भित्र रु. १००।- तिरी खरिद गर्न सकिने छ ।

(सुरेन्द्र प्रधान)

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र प्रधान

प्रमुख प्रशासकीय अधिकृत